बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

हेटौडा, नेपाल

## पुनः प्रस्ताव आह्वानको सुचना

**दोश्रो पटक प्रकाशित मितिः २०८०/१२/२२**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडाको आ.ब. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम कार्यान्वयनको लागि मिति २०८०/०७/२१ गते **पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ ढुवानीका लागि प्रयोग हुने सवारी साधन निःसंक्रमण गर्ने पूर्वाधार निर्माण** कार्यक्रममा मापदण्ड अनुरुप आवेदन प्राप्त नभएको हुँदा कार्यक्रममा सहभागी हुन इच्छुक एवं मापदण्ड पुगेका आवेदक संस्थाबाट प्रस्ताव मांग गर्न १५ (पन्ध्र) दिनको समय सिमा राखी दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले दरखास्त दिने अन्तिम मिति सम्म कार्यालय समयमा आई पुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित यस निर्देशनालयमा वा सम्बन्धित पशु सेवा कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन।

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट प्रति इकाई | लागत साझेदारी | आवेदक | कार्यविधि | दरखास्त दिने अन्तिम म्याद/मिति |
|---|---|---|---|---|---|---|---|---|
| २. | पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ ढुवानीका लागि प्रयोग हुने सवारी साधन निःसंक्रमण गर्ने पूर्वाधार निर्माण | संख्या | १ | बढीमा ५० लाख | कुल लागतको बढीमा ८० प्रतिशत | कृषक समूह/कृषि सहकारी/ कृषि फार्म | प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | १५ दिन<br>अन्तिम मितिः २०८१/०१/०६ |

संलग्न गर्नुपर्ने कागजातहरु

१. रु. दश (१०) को हुलाक टिकट टाँसेको अनुसूचि-२ अनुसारको आवेदन, संस्था दर्ता तथा नविकरण गरेको प्रमाण पत्र।
२. संस्थाको स्थायी लेखा नम्बर (PAN) र चालु आ.ब.मा कर चुक्ता गरेको प्रमाण पत्र,
३. आवेदन पेश गर्न संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह सहकारीको हकमा),
४. अनुसूचि ३ अनुसारको प्रस्ताव र अनुसूचि ४ बमोजिमको प्रतिबद्धता पत्र,
५. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र,
६. संरचना निर्माणको हकमा डिजाईन र लागत अनुमान सहित प्रस्ताव पेश हुनु पर्ने।

**पुनश्चः** प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० तथा अनुसूचिहरु यस निर्देशनालयको वेवसाइट dolfd.bagamati.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। साथै यस निर्देशनालयको सम्पर्क नम्बर ०५७-५२४३१९/५२४२५४ मा सम्पर्क गरी कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिनेछ।

डा. गौरीमान श्रेष्ठ
निर्देशक
अधिकृतस्तर एघारौं